STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २९२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक २७ गते शनिबार ❑ 13 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## उत्पादनमूलक अर्थतन्त्र निर्माण गरिन्छ : अर्थमन्त्री शर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ कार्तिक**

अर्थमन्त्री जनार्दन शर्माले उत्पादनमूलक अर्थतन्त्र निर्माण नै आफ्नो लक्ष्य भएको बताएका छन् । उनले उत्पादनमूलक उद्योगलाई राज्यले आवश्यक पर्ने सबै सुविधा दिने प्रतिवद्धता पनि व्यक्त गरे ।

'उद्योग खोल्न के सुविधा चाहिन्छ,त्यो दिन सरकार तयार छ', पोखरा उद्योग वाणिज्य संघले शुक्रबार आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले भने,'भन्सार छुट चाहियो कि, बिद्युत वा कर छुट के चाहिन्छ, त्यो तत्काल दिइन्छ ।' उनले देशमा उत्पादित ५ सय मेघावाट बिजुली खेर जानु लज्जाको विषय भएको बताउँदै बिजुली स्वदेशमै खपत हुने अवस्था सिर्जना गर्नेतर्फ सरकार लागिरहेको दावी गरे ।

हालसम्म ४.७ प्रतिशतमात्रै पूँजीगत खर्च हुनु दुःखको विषय भएको स्वीकार्दै उनले



सार्वजनिक खरिद ऐन संशोधन गरी खर्च बढाउने तयारी भएको जानकारी गराए ।

अर्थमन्त्रीकै संयोजकत्वमा सार्वजनिक खरिद ऐन संशोधन गर्न समिति गठन भएको छ। बजारमा देखिएको तरलताको समस्या सल्टाउन शुक्रबार नै २७ वटा वाणिज्य बैंकका कार्यकारी निर्देशकहरुसँग छलफलल गरेको जानकारी दिँदै मन्त्री शर्माले केही दिनमै तरलताको समस्या समाधान हुने जिकिर गरे ।

पोखरा-काठमाडौंको सडक यात्रा २ घण्टामा झार्नको लागि भौतिक पूर्वाधार मन्त्रालयसँग छलफल अघि बढाएको बताउँदै उनले भने,'बाटो छोटिए त्यसले देशको अर्थतन्त्रमा सकारात्मक योगदान प्रदान गर्छ ।' अर्थमन्त्री शर्माले कोभिडले पीडित व्यवसायीहरुको लागि घोषित पुनःकर्जा र अनुदान बितरणको प्रभाविकारिता अनुगमन थालिएको जानकारी गराउँदै साना व्यवसायीलाई अनुदान दिने प्रक्रिया सुरु भएको जानकारी गराए । कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका केन्द्री सदस्य बाबुराम गिरीले बैंकहरुले नाफामुखी भएर लागु गराएको एकाधिकार तोड्न सरकारले अझ कठोर निर्णय लिनुपर्ने बताए ।

पोखरा उद्योग वाणिज्य संघ तथा कार्यक्रमका अध्यक्ष नारायण कोइरालाले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा देखिएको अवरोध हटाउन तथा यहाँबाट हुने उडान सुनिश्चित गर्न आग्रह गरे । उनले बजारमा देखिएको तरलता हटाउन, पर्यटन क्षेत्रले कोभिडविरुद्धको खोप लगाएको सकारात्मक सन्देश अन्तर्राष्ट्रिय बजारमा प्रवाह गर्न तथा व्यवसाय पुनरुत्थानका कार्यक्रमहरुलाई तीव्रता दिन आग्रह गरे ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपी भट्टराईले कोभिडको मारमा परेका व्यवसायीहरु १२ प्रतिशत ब्याज तिर्न बाध्य भएको बताउँदै तरलताको समस्या छिटो समाधान गर्न माग गरे । पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष पवन प्रजापतिको धन्यवाद रहेको कार्यक्रमको संचालन कार्यसमिति सदस्य सुदीप प्रधानाङ्गले गरेका थिए ।

## स्व. सुर्य बहादुर के.सी स्मृर्तिको अवसरमा पोखरामा अर्धकद शालीक

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ कार्तिक**

माछापुच्छ्रे बैंक पोखराका सस्थापक अध्यक्ष स्व. सुर्य बहादुर के.सी को स्मृर्तिमा माछापुच्छ्रे बैंक पोखरा नयाँबजार को कार्यालय परिषदमा स्व के.सी. को अर्धकद शालीक स्थापना गरिएको छ ।

शालिकको शुक्रबार एक समारोह विच स्व के.सी.की धर्मपत्नी प्रेम कुमारी के.सी.ले अनावरण गर्नुभयो । काठमाडौका कलाकार एवम् मुर्तिकार विकल प्रजापतिले बनाउनु भएको हो । झण्डै २२ वर्ष अगाडि पोखरालाई पर्यटन र आर्थिक क्षेत्रको केन्द्र बनाउनुपर्छ भनेर स्व के.सीले बैंक स्थापना गर्नुभएको हो । कार्यक्रममा स्व के.सी का बारेमा बोल्नु हुँदै पुर्व प्रहरी वरिष्ट उपरीक्षक कृष्ण बहादुर थापाले स्व के.सीको दुर दृष्टिकोर्णले मुलुकको आर्थिक



तथा सामाजिक क्षेत्रलाई नेत्तृत्व गर्नुभएको बताउनुभयो । यसैगरी बैंकका संचालक कवि हरिभक्त सिग्देल (महेश) ले स्व के.सी भौतिक रुपमा हामी माझ नभएपनि सुर्यको प्रकाश जस्तै उहाँका विचारहरु संसारमा फैलिएको बताउनुभयो । कार्यक्रममा स्व के.सीका जेष्ठ सुपुत्र प्रकाश के.सीले धन्यबाद गर्नुहुदै आफ्नो पिताजिको सोच र विचारलाई समाजले ग्रहण गरेकोमा आभार व्यक्त गर्नुभयो । शालीक अनावरण समारोहमा माछापुच्छ्रे बैक का अध्यक्ष डा. विरेन्द्र महत्तो बैंकका कार्यकारी अधिकृत सन्तोष कोईराला बैंकका संचालक किरण के.सी, रोशन के.सी, निर्देशक जय मुकुन्द खनाल लगाएतले शालिकमा पुस्प गुच्छा अर्पण गर्नुभएको थियो ।

## ताराखोलामा भूष पोल्ने मेला

**पोखरापत्र संवाददाता**
**बागलुङ, २६ कार्तिक**

बागलुङको ताराखोला गाउँपालिकामा ऐतिहासिक भूष पोल्ने मेला आयोजना गरिएको छ । मेलाको आज एक समारोहका बिच मूल समारोहको उद्घाटन पछि बोल्दै गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले केन्द्रिकृत राज्य सत्ताले बहुसाँस्कृतिकको संरक्षण गर्न नसकेको बताउनु भयो ।

उहाँले स्थानीय र प्रदेशसरकारले स्थानीय संस्कृतिको संरक्षण गर्नुपर्ने बताउनुभयो । ताराखोलाको भुष पोल्ने मेला अत्यन्तै महत्वपुर्ण रहेको बताउनुभयो । उहाँले राजनीतिक परिवर्तनका लागि ताराखोलाका २१ जनाको बलिदान



रहेको स्मरण गर्नुभयो । कार्यक्रममा मन्त्री बरालले संङ्खुगरोमा छापो हालेर जौ छर्नुभएको थियो ।

अर्गल खेलकुद विकास मञ्चको आयोजनामा सम्पन्न भएको उद्घाटन सत्रमा प्रदेश सांसद खिमविक्रम शाही, दीलमाया रोका, ताराखोला गाउँपालिका अध्यक्ष प्रकाश घर्तीमगर, धुरकोट गा.पा.कार्यपालिका सदस्य कविता विक लगायतले वोलेका थिए । १५ औं शताब्दीमा पाल्पाको अर्गलीबाट बसाई सरेर आएका आर्गली मगर समुदाएले ताराखोलामा प्रत्येक वर्ष

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## देवघाट क्षेत्रलाई धार्मिक पर्यटन र वैदिक शिक्षा अनुसन्धानको केन्द्र बनाउँछौं : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ कार्तिक**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले शिक्षालाई प्रभावकारी र जीवनोपयोगी बनाउन ३ तहकै सरकारले सहकार्य गरेर अगाडि बढ्नुपर्ने बताएका छन् ।

तनहुँको देवघाट गाउँपालिका ५ स्थित बज्रयोगिनी माविको ६१ औं वार्षिकोत्सव समारोहमा मुख्यमन्त्री पोखरेलले प्रदेश शिक्षा क्षेत्रमा देखिएका द्विविधा हटाएर थप प्रभावकारी रुपमा अगाडि बढ्न प्रदेश सरकार लागिरहेको बताएका हुन् ।

भूकम्प पुनर्निमाण प्राधिकरणले विद्यालयका लागि बनाइदिएको ४ कोठे भवनको उक्त अवसरमा मुख्यमन्त्रीले उद्घाटन गरेका छन् ।

पूर्व प्राथमिक तहदेखि नै विद्यार्थीहरुलाई आकर्षित गर्ने खालका विषयवस्तु समावेश गरी व्यावहारिक र रोजगारमुखी शिक्षाको विकासका लागि विज्ञहरुको सल्लाह र सुझाव समेट्दै प्रदेश सरकारले शिक्षा नीति ल्याइसकेको उनले बताए । उनले भने, 'माध्यमिक तहसम्मको शिक्षाको जिम्मा स्थानीय तहलाई छ, पालिकासँगको सहकार्यमा प्राथमिकता र आवश्यकताका आधारमा प्रदेश सरकारले शिक्षा



क्षेत्रमा काम गर्दै जानेछ ।'

देवघाट क्षेत्रमा नागरिकले प्रदेश सरकारबाट धेरै अपेक्षा राखेको भन्दै उनले पूण्यभूमि देवघाटको विकासमा प्रदेश सरकारले कुनै कसर नराख्ने बताए । गण्डकी प्रदेशको विकासको आधार भनेकै त्रिवेणी, देवघाट हुँदै मुक्तिनाथ हो भन्दै, कालीगण्डकी करिडोर र शालिग्राम मार्गलाई पूर्णता दिने गरी काम भइरहेको जानकारी उनले गराए । धार्मिक पर्यटन, शिक्षा र अनुसन्धानको थलोका रुपमा देवघाटलाई अगाडि बढाउन प्रदेश सरकारले सघाउनले प्रतिबद्धता पनि उनले जनाएका छन् ।

विगतका समयमा बाटोघाटो र पुल नहुँदा समस्या भए पनि अब दासढुंगाबाट प्रवेश गरेर गैंडाकोट निस्कनका लागि संघ सरकारको लगानीमा नारायणीमा पुल बन्दै गरेको र जुक्ति खोलमा प्रदेशकै लगानीमा पुल राख्न लागिएको समेत उनले बताए । मुख्यमन्त्री पोखरेलले भने, 'पुल थिएन, बाटो थिएन, कनेक्टिभिटी थिएन, अब त्यो समस्या हल हुँद्यै गएको छ ।

देवघाटमा लामो समयदेखि सुकुम्वासी समस्या रहेको बारे आफू जानकार रहेको भन्दै यो सरकारले भूमिहीनलाई लालपूर्जा दिलाइछाड्ने प्रतिबद्धता जनाए । पहिला सूचना प्रविधिको प्रयोग कम हुँदा भूमिपतिहरुले पनि सुकुम्वासीका नाममा जग्गा लिने परिपाटी भए पनि अब त्यो गल्ती नदोहोरिने उनको भनाइ थियो । कसको नाममा कहाँ र कति जमिन छ भन्ने कुरा अब मालपोतको प्रणालीमै देखिने भएकाले अब वास्तविक सुकुम्वासीले मात्रै जग्गा पाउने बताए ।

प्रदेशले सिमित बजेटका बीच पनि आफूलाई अगाडि बढाइरहेको भन्दै नागरिकलाई महसुस हुने गरी काम गरिरहेको उनले बताए । पाठेघर र स्तन क्यान्सरको निशुल्क उपचार, कोभिडले अभिभावक गुमाएका बालबालिकालाई शिक्षाका लागि मासिक ५ हजार रुपैयाँ दिनेगरी बजेट ल्याएको उनले दोहोऱ्याए । प्रदेशलाई सडक मानवमुक्त बनाउने अभियान, विपन्न वस्तीमा मुख्यमन्त्री कार्यक्रम, प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रमलाई प्राथमिकतामा राखेको मुख्यमन्त्री पोखरेलको भनाइ छ ।

अघिल्लो सरकारले लगाएका बहुवर्षे योजनाका ठेक्काका कारण यो सरकारले धेरै बजेट चलाउन नपाएको भन्दै तै पनि सालबसाली योजनालाई कटाएरै भए पनि नागरिकका अपेक्षा पूरा गर्नीतिर आफूहरु लागेको उनले बताए । 'अघिल्लो सरकारले थालेका कामको दायित्वबाट पन्छिन मिल्दैन, सरकारमा फेरिएको हो, प्रणाली उही हो, त्यही अनुसार हामी अगाडि बढेका छौं,' उनले भने । कार्यक्रममा बिना विभागीय मन्त्री डोवाटे विश्वकर्मा, पूर्व उद्योगमन्त्री ढुन्डिराज शास्त्री, शिक्षा विकास तथा समन्वय इकाइ तनहुँका

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## कास्कीबाट एमाले महाधिवेशन प्रतिनिधि सर्वसम्मत

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ कार्तिक**

नेपाल कम्युनिस्ट पार्टी एमालेको मंसिर १० गतेदेखि १२ गतेसम्म चितवनमा हुने महाधिवेशनमा कास्कीबाट प्रतिनिधि सर्वसहमतिका आधारमा चुनिएका छन ।

कास्की निर्वाचन क्षेत्र नं १ बाट बेद बहादुर गुरुङ 'श्याम', वैन बहादुर क्षेत्री, पुष्पज्योती ढुङ्गना, नवराज ओझा, दिलिप न्यौपाने, शंकर शर्मा, विजया सुवेदी, गंगा कुवर र नारायणी भट्टराई छन ।

क्षेत्र नं २ बाट विद्या भट्टराई, कृष्ण थापा, प्रभा कोइराला, मञ्जु गुरुङ, युवराज पौडेल, तेज नारायण अधिकारी , रश्मि आचार्य, आर पी शर्मा , भेषराज बराल छन । क्षेत्र नं ३ बाट राजीव पाहारी, दामोदर बैरागी, पुण्यप्रसाद पौडेल, दिपक पौडेल, जगन्नाथ बाँस्तोला, बिष्ण केसी, शोभा बराल पहारी, सुशीला पराजुली र सन्तु सुवेदी छन । दलितबाट सहमतिको प्रयास जारी रहेको छ ।




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# तीन सरकार बिच समन्वय हुन नसक्दा योजनामा एकरुपता हुन सकेन: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ कार्तिक**



गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले तीन तहका सरकार बिच सहकार्य, समन्वय र सहअस्तित्व प्रभावकारी ढंगले हुन नसक्दा योजनामा एकरुपमा हुन नसकेको बताउनु भएको छ।

बागलुङका तारखोला गाउँपालिकाले विहिबार आयोजना गरेको स्वागत तथा छलफल कार्यक्रममा बोल्दै मन्त्री बरालले संघियताको मर्म अनुसार स्थानिय, प्रदेश र संघिय सरकार बिच अझै पनि सहकार्य, समन्वय र सहअस्तित्व हुन नसक्दा धेरै योजनाहरुमा एकरुपता नभएको बताउनु भएको हो। अन्तरबिरोधले एक सरकार बिच अर्को सरकारको हार्दिकता, अपनत्व हुन नसक्दा जनताका आवश्यकताका आधारमा लागु हुने योजना कार्यान्वयमा केही समस्या देखा परेको मन्त्री बरालको भनाई थियो। तारखोला गाउँपालिका जनयुद्धको जननी भएको बताउदै माओबादी केन्द्र गण्डकी प्रदेशका सचिवालय सदस्य समेत रहनु भएका मन्त्री बरालले आगामी निर्वाचनमा जनताको मन जित्ने गरी योजनाहरु सम्पन्न गर्न जनप्रतिनिधिहरुलाइए आग्रह गर्नु भयो। गाउँपालिकाको निर्माण हुदै गरेको प्रशासनिक भवन, बहुउद्देश्य भवन, संग्राहलय लगायतका भौतिक संरचना निर्माणमा प्रदेश सरकारले सहयोग गर्ने उहाँले वचन दिनु भयो। तारखोला बासीलाई उत्पादनमा जोड दिदै आत्मनिर्भर बन्न सुझाव दिनु भएको मन्त्री बरालले पर्यटकीय गतिविधि संचालन गरी स्वरोजगार बन्न आग्रह गर्नु भयो। गण्डकी प्रदेशका सांसद दीलमाया रोकाले तारखोला गाउँपालिकाको प्रशासनिक भवन निर्माणको क्रममा रहेकोले प्रदेश सरकाकारले दिने भनेको एक करोड छिटो निकासा गर्न माग गर्नु भयो। उहाँले एक निर्वाचन एक सडक, शहिद सडक मार्ग लगायतका सडकको तत्काल स्तरोन्नती गर्नु पर्ने बताउनु भयो। धुरकोट गाउँपालिकाका सदस्य कविता विकले धुरकोट र तारखोला पर्यटनका दृष्टिले धेरै सम्भावना भएको बताउनु भयो।

तारखोला गाउँपालिकाका अध्यक्ष प्रकाश घर्तीमगरको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

# देवघाट...

प्रमुख रमाकान्त पौडेलसहितले भनाइ राखेका थिए। मुख्यमन्त्री पोखरेलले बिहीबार साँझ नै देवघाटमा रहेका ३ वटा संस्कृत विद्यापीठको अवलोकन गरी त्यहाँको वस्तुस्थितिका बारेमा जानकारी लिएका छन्। महेश सन्यास आश्रम, गलेश्वर आश्रम र हरिहर सन्यास आश्रममा उनी पुगेको हुन्। ती विद्यापिठहरुले सञ्चालन गरेका शैक्षिक कार्यक्रम, उत्पादित जनशक्तिको खपत, भौतिक पूर्वाधार लगायत विषयमा मुख्यमन्त्रीले चासो देखाए। देवघाट क्षेत्रमा ११ वटा विद्यालयहरुमा संस्कृतको पढाइ हुने र अहिले देश विदेशबाट समेत यो विषय अध्ययनका लागि चासो दिएर छात्रा छात्रा आउने गरेको सञ्चालकहरुले बताएका छन्। सबैजसो पीठहरुमा छात्रछात्रालाई आवास, भोजन र शिक्षाको निशुल्क प्रबन्ध छ। मुख्यमन्त्री पोखरेलले विद्यापीठहरुको स्तरोन्नति र भौतिक पूर्वाधारका लागि प्रदेश सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए।

# चित्रकलामा राईजिङ स्टारकी शुस्मिता प्रथम

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ कार्तिक**



लायन्स क्लब अफ पोखरा नर्सेसको आयोजनामा पोखरामा रहेका विद्यालयलाई समेटेर 'विइ अल आर कनेक्टेड' शिर्षकमा विद्यालयका ११ देखि १३ वर्षसम्मका विद्यार्थीहरुको पिस पोस्टर चित्रकला प्रतियोगिता २०७८ शुक्रबार न्युरोडको स्टेट नम्बर १४ को नगेन आर्ट एकेडेमिमा सम्पन्न भएको छ।

एसिस्टेन्ट चिफ एडभाईजर अर्जुन थापाले विद्यार्थीहरुको उज्वल भविष्यको कामना गर्दै कलामा निरन्तर लागे कलामा राम्रो हुने बताउनुभयो। उहाँले नेपालमा पनि अहिले अभिभावककले आफ्ना सन्ततिलाई चित्रकलामा लाग्न हौशाला दिन थालेको बताउनुभयो।

लायन्स क्लब अफ पोखरा नर्सेसका अध्यक्ष गिता जोशीले विश्व शान्तिको लागि लायन्सले प्रत्येक वर्ष गर्दै आएको क्लबको महत्वपुर्ण कार्यक्रम भएको जानकारी दिनुभयो। उहाँले नेपाल भरको लायन्स क्लबहरुले यो प्रतियोगिता गरेर उत्कृष्ट भएका विद्यार्थीको कलालाई काठमाण्डौं पठाउने र नेपालभरबाट उत्कृष्ट भएकोलाई अमेरिका पनि पठाउने भएकोले यस कार्यक्रमले विश्वमा पनि नेपालको नाम राख्न सफल भएको बताउनु भयो। प्रतियोगीले कार्यक्रमस्थलमा नै चित्र बनाएका थिए। स्थलगतरुपमै कोरिएका चित्रलाई निर्णायकले मूल्याङ्कनबाट प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गरेका थिए। उनीहरु क्रमशः शुस्मिता श्रेष्ठ राईजिङ्ग स्टार एकेडेमि, सोयंका गुर्गो हिलपोइन्ट सेकेन्डरी स्कुल, वन्दना कुमाल नव प्रभात माध्यमिक विद्यालय र सोनी पुर्जा पुन हिलपोइन्ट सेकेन्डरी स्कुलका रहेका छन्। उनीहरुले क्रमशः नगेन आर्ट एकेडेमिमा आर्ट क्लासमा ५०% (२७०००) र २५% (१३५००) छुट सहित ट्रफि, मायाको चिनो र प्रमाणपत्र प्राप्त गरेका थिए। कार्यक्रममा बिश्व कलायात्री प्राज्ञ नगेन सिंहले विद्यालयले कला क्षेत्रलाई प्राथमिकतामा राखेर अध्ययन अध्यापन गराउनु निकै प्रशंसनीय कार्य भएको बताउनु भयो। कला संस्कृतिलाई जीवन्त राख्ने यस्ता प्रतियोगितालाई निरन्तरता दिँदै बालबालिकाको प्रतिभालाई प्रस्फुटन गर्नुपर्ने उहाँको भनाइ थियो। उहाँले शान्ति, पर्यटन र कला प्रबर्द्धन गर्ने उद्देश्यका साथ कला कक्षा गर्न नगेन आर्ट एकेडेमी स्थापना गरेको जानकारी दिनु भयो। निर्णायक संयोजक वरिष्ठ चित्रकार गोपाल श्रेष्ठले कलालाई निरन्तर साधना गर्नसकने हो भने व्यक्तित्व विकाससँगै जीवन यापनमा सजिला हुने बताउनु भयो।

लायन्स क्लबको कास्कीको जोन चियरपर्सन बलराम पहारीले वि अल आर कनेक्टेड' शिर्षकमा विद्यार्थीले २ घण्टामा बनाएको चित्रकला उत्कृष्ट रहेको बताउँदै विद्यार्थीहरुको उज्वल भविष्यको कामना गर्नुभयो।

पिस पोष्टर कन्टेष्टका सेन्टर कोर्डिनेटर शम्भु बास्तोलाले पिस पोष्टर कन्टेष्टको र लायन्स क्लबको महत्वका बारेमा प्रकाश पार्नु भएको थियो। लायन्स क्लब अफ पोखरा नर्सेसको अध्यक्ष गिता जोशीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष निशा श्रेष्ठ कार्यक्रम सञ्चालन सरु प्रधान ले गर्नु भएको थियो।

# राप्रपाको प्रदेश अधिवेशन कार्तिक २८ हुने



**पोखरापत्र संवाददाता**
**पोखरा, २६ कार्तिक**

राष्ट्रिय प्रजातन्त्र पार्टी गण्डकी प्रदेश कार्य समितिको आगामी २८ गते प्रदेश अधिवेशन हुने भएको छ।

केन्द्रीय निर्वाचन समितिको कार्यक्रम अनुसार सात प्रदेशमा अधिवेशन हुन लागेको शुक्रवार पत्रकार सम्मेलनमा जानकारी गराइयो। कार्यक्रममा प्रदेशका ११ जिल्लावाट जिल्ला अध्यक्ष सहित ८ जना, १८ निर्वाचन क्षेत्रीय समितिका क्षेत्रीय अध्यक्ष सहित ६ जना र ३६ प्रदेश सभा निर्वाचन क्षेत्रीय समितिका अध्यक्ष ५ जना सहभागी हुने प्रदेश अध्यक्ष हेमजंग गुरुङले वताए।

नगर कार्यसमितिका अध्यक्ष सहित जम्मा चार सय तीन जना प्रतिनिधिहरु अधिवेशनमा सहभागी हुने अध्यक्ष गुरुङले भने। प्रदेश कार्य समितिका अध्यक्ष एवं केन्द्रीय निर्देशन समितिका सदस्य हेमजंग गुरुङको अध्यक्षतामा अधिवेशन हुने मिडिया सेन्टर गण्डकी प्रदेशका संयोजक सूर्य बाँस्तोलाले वताए।

# वालिङका १८ वर्षमाथिका सबैलाई खोप लगाइदिने

**पोखरापत्र संवाददाता**
**वालिङ, २६ कार्तिक**

स्याङ्जाको वालिङ नगरपालिकाले १८ वर्षभन्दामाथिका सबैलाई कोभिड–१९ विरुद्धको खोप लगाइदिने भएको छ।

कोभिड–१९ सङ्क्रमणबाट बचाउन तथा नागरिकको जीवनरक्षाका लागि नगरपालिकाको पहलमा १८ वर्षभन्दा माथिका सबै नागरिकलाई खोप लगाइदिने तयारी गरेको नगरप्रमुख दिलीपप्रताप खाँणले बताउनुभयो। "वालिङ नगरपालिकाको तथ्याङ्कअनुसार १८ वर्षभन्दा माथिका करिब ३२ हजार नागरिकमध्ये १७ हजार बढीले खोप लगाइसक्नुभएको छ", उहाँले भन्नुभयो, "कात्तिक ३० देखि मङ्सिर २ गतेसम्म बाँकी रहनुभएका सबैलाई खोप लगाउने गरी तयारी गरेका छौं।" वालिङ नगरपालिकाभित्र रहेको अस्पताल, स्वास्थ्यचौकी तथा शहरी स्वास्थ्य केन्द्र गरी १७ ठाउँमा तीन दिनसम्म खोप अभियान सञ्चालन गर्ने र त्यसका लागि खोप वालिङमा आइसकेको नगर प्रमुख खाँणको भनाइ छ। "वालिङ नगरपालिकालाई पूर्ण खोपयुक्त नगरपालिका बनाउनका लागि पहल गरिरहेका छौँ", नगरप्रमुख खाँणले भन्नुभयो, "त्यसैले यहाँ सबै जनाले आआफ्नो पायक पर्ने स्वास्थ्य संस्थामा गई अनिवार्यरूपमा खोप लगाउनु हुन नगरवासीसमक्ष अनुरोध गर्दछु।" अठार वर्षभन्दामाथिका नागरिकलाई खोप लगाउने कार्य सकिएसँगै उक्त उमेर समूहभन्दा मुनिका नागरिकलाई खोप लगाउनका लागि पहल सुरु गरेको नगरप्रमुख खाँणले बताउनुभयो। नगरवासीको जीवनरक्षाका लागि नगरपालिकाको प्रयासमा कात्तिक ३० देखि मङ्सिर २ गतेसम्म तीन दिन खोप अभियान सञ्चालन गरिने प्रमुख प्रशासकीय अधिकृत राजन भट्टराईले जानकारी दिनुभयो। वालिङमा सङ्क्रमणलाई शून्यमा झार्ने अभियानस्वरुप अनिवार्य खोप लगाउन आग्रह गरिएको उहाँले बताउनुभयो। वालिङ नगरपालिकाले कोभिड–१९ को रोकथाम तथा नियन्त्रणका लागि कुनै कञ्जुस्याइँ नगरी निरन्तररूपमा नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको स्वास्थ्य शाखा प्रमुख एवं जनस्वास्थ्य निरीक्षक कमलप्रसाद पाण्डेले बताउनुभयो।

तीनदिनसम्म सञ्चालन हुने खोप अभियानमा भेरोसेलका १५ हजार मात्रा खोप लगाइने प्रमुख पाण्डेले बताउनुभयो। अठार वर्षभन्दामाथिका खोप लगाउन बाँकी रहेका १५ हजार जनालाई भेरोसेलको पहिलो मात्रा लगाइने भएको हो। खोप अभियानका लागि नगरपालिकाका १४ वटै वडामा रहेका १७ वटा स्वास्थ्य संस्थामा करिब १०० जना स्वास्थ्यकर्मी परिचालन गरिने शाखा प्रमुख पाण्डेले जानकारी दिनुभयो।

# ताराखोलामा...

कात्तिक २३ गते देखि २७ गते सम्म भुष पोल्ने पर्व मनाउछन्। अर्गलमा बसोवास गर्ने पुलिसा, ओसासा र नाओसा थरका घर्ति मगरहरुले आफ्नो पहिचान र सभ्यताको रुपमा भुस पोल्ने पर्व मनाउदै आएका छन्। प्रत्येक पर्व कात्तिक २३ गते देखि २७ गते सम्म उनिहरुले यो पर्व मनाउने गर्दछन्। अधिकांश मगर समुदाय बसोबास गर्ने अर्गल गाउँको भुष पोल्ने मेलाको छुट्टै विषेशता रहेको छ। यहाँको ऐतिहासिक मेलाको रुपमा यस पर्वलाई लिने गरिन्छ।

पाल्पाको अर्गली भन्ने ठाँउबाट बसाई सरी आएका मगरहरुले मेलामा आफ्ना समुदायका मानिसहरुको मृत्यु र जन्म संस्कारसंग सम्बन्धित गोपिचन गित गाउने र नाच्ने गर्दछ्न्। मेलाको अन्तिम दिन २६ गते उनिहरुले एक वर्ष भरी मृत्यु भएका आफ्ना परिवारका सदस्यको बरखी फाल्ने गर्छन्। सोही दिन पुर्खाहरुले खेती गरेको सम्झनामा शखुवारीमा छापे खन्ने र पुजाआजा गरी हिउँदे अन्नवालीको खेति सुरु गरिन्छ। दिउसो ४ बजेको समयमा शंखुघरमा पूजा आजा गरि शंखुबारीमा छापे खन्ने गहुँ, जौ छर्ने गरिन्छ। अविवाहित युवा युवतिले बारी नसकुन्जेल सम्म नरोकी खन्ने गर्दछन भने विवाहितहरुले बिऊ छर्ने गर्दछन। पन्ध्रौं शताब्दीदेखि सुरु भएको मानिने यस पर्वलाई अर्गलमा उत्सवकै रुपमा लिने गरिएको छ। मारुनी नाच्ने, नौमती बाजा बजाउने देखि छापे खन्ने लगाएतका कार्यहरुमा युवा युवती उत्साह का साथ संलग्न हुने गरेका छन। यो पर्व गाँउपालिका भित्रको ऐतिहाँसिक प्रमुख पर्व भएकोले चार वर्ष देखि सार्वजनिक विदा समेत दिदै आएको छ।

# गण्डकीमा ४३ संक्रमित थपिए

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ कार्तिक**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ७६ जना कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन्।

यस अवधिमा थप ४३ जनामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपतकालिन कार्यसञ्चालन केन्द्र, गण्डकीका संयोजक नवराज शर्माले जानकारी दिनुभयो।

उहाँका अनुसार थपिनेमा कास्कीका २४, तनहुँका छ, स्याङ्जाका पाँच, बाग्लुङका तीन, म्याग्दी र नवलपरासी (बर्दाघाट सुस्ता पूर्व)का दुई/दुई, र पर्वतका एक जना रहेका छन्। प्रदेशमा सक्रिय सङ्क्रमितको सङ्ख्या ३७२ रहेको छ भने होम आइसोलेशनमा रहनेको सङ्ख्या ३११ जना रहेको निर्देशनालयले जनाएको छ।

# ३९७ संक्रमित, तीनको मृत्यु

**रासस**
**काठमाडौं, २६ कार्तिक**

देशभर पछिल्लो २४ घण्टामा थप ३९७ जनामा कोभिड–१९ को सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय ११ हजार ६६ को परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो।

यससँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या आठ लाख १६ हजार ४१५ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या ९५ हजार ३७ जना रहेको छ। आज ३८९ जना निको भएका छन्। यससँगै निको हुनेको सङ्ख्या सात लाख ९७ हजार ४४८ पुगेको छ। निको हुने दर ९७.७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ४६९ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप तीन जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ। अहिले यस रोगबाट हुने मृत्युदर १.४ प्रतिशत छ। त्यसैगरी पछिल्लो समय ९३ हजार ६९५ ले खोप लगाएको मन्त्रालयले जानकारी दिएको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार ४९८ रहेको छ। अहिले होम आइसोलेशनमा ६ हजार ९४५, संस्थागत आइसोलेशनमा ५५३, आइसीयुमा १९० र भेन्टिलेटरमा ५७ जनाले उपचार गराइरहेका छन्।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्वन्धी रोग: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान:
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१


नोट: नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# चिसो मौसममा देखिने रोग र यसबाट बच्ने उपाय

**डा सन्तोष शर्मा भुषाल**



मौसम परिवर्तनसँगै अहिले केही चिसोपनाको अनुभव हुँदै आएको छ। बिहानी हुस्सु र दिउँसोको घामले मौसम अब परिवर्तन हुँदै जान थालेको भान हुँदैछ। तर वातावरणसँगै हाम्रो शरीरमा के कस्ता प्रभाव पर्छन् अनि त्यस कारण स्वास्थमा के कस्ता असर पर्न सक्छन् त भन्ने कुरामा हामी सजक हुन पर्दछ।

गर्मी मौसममा देखिने रोगहरु र जाडो मौसममा देखिने रोग केही फरक हुने गर्दछ। गर्मी मौसममा बिशेषत ज्वरो (भाइरल ज्वरो, टाइफाइड, डेंगु आदि), छालाको रोगहरु, आँखाका संक्रमण, मौसमी फ्लूका बिरामी बढी मात्रामा देखिने गर्दथ्यो।

तर अब चिसो मौसम बढ्दै जाँदा चिसो मौसममा देखिने र पहिले भएका दीर्घकालिन बिरामीमा संक्रमणको जोखिम बढ्दै जाने गर्दछ। यो लेखमा चिसो मौसममा देखिने रोग र यसबाट कसरी बच्न सकिन्छ भन्ने बारे केही जानकारी दिने प्रयास गरिएको छ।

१. सामान्य मौसमी रुघाखोकी

चिसोसँगै रुघा लाग्ने, खोकी लाग्ने बिरामीको संख्या बढ्दै गएको छ। यो मौसमी फ्लू भएका हुनाले केहिदिनको अन्तरालमा आफैँ निको हुने र गाह्रो भएको खण्डमा केही एलर्जी हटाउने औषधि र ज्वरो देखा परेमा प्यारासिटामोल मात्रै लिन सकिन्छ। यस्तो अबस्थामा चिकित्सकको सल्लाह बिना र अन्य संक्रमण नभएको अवस्थामा एन्टिबायोटिक्स औषधिको प्रयोग आवश्यक पर्दैन।

२. दम (COPD & Asthma)

माथी प्रयोग भएका शब्दावली ऋइएम् भन्नाले चुरोट वा धुँवाको कारणले दीर्घकालीन रुपमा फोक्सो बिग्रेको अबस्थामा लाग्ने दम भन्ने बुझ्फाउँछ र Asthma भन्नाले कुनै पनि एलर्जीले हुने दम भन्ने बुझ्फाउँछ। यस्ता रोग लागेका बिरामी वर्गले चिसो मौसममा विशेष ध्यान पुऱ्याउन नसकेको खण्डमा छातीको संक्रमणको जोखिम बढ्ने गर्दछ। निमोनिया, ब्रोन्काइटिस जस्ता रोग लागी अस्पतालमा भर्ना हुनु पर्ने अवस्था आउन सक्दछ भने कहिले काँही छातीको गम्भीर संक्रमणले ज्यान पनि जान सक्दछ। दम भएका बिरामीले आफूलाई न्यानो राख्ने, तातो पानीको सेवन गर्ने, आफूले दमका लागि प्रयोग गर्दै आएका औषधिको नियमित सेवन, चिकित्सकसँग निरन्तर सम्पर्कमा बस्नुपर्दछ।

३.घाँटी तथा माथिल्लो श्वासनलीका संक्रमण

चिसो समयमा घाँटी तथा माथिल्लो श्वासनलीका संक्रमणहरु सामान्यतया धेरै नै देखिन्छ। टन्सिल संक्रमण हुनेदेखि श्वासनलीमा संक्रमण हुने हुँदा बिरामीलाई घाँटीमा दुखाइ हुने, निल्न गार्हो पर्ने, खोकी लाग्ने, रुघा लाग्नेदेखी कहिलेकाहीँ ठूलै संक्रमणसम्म देखा पर्ने हुन सक्दछ। त्यस्तो समस्या आएमा चिकित्सकको सल्लाहमा सामान्यदेखि कहिलेकाहीँ एन्टिबायोटिकको सेवन पनि आवश्यकता पर्दछ।

४. फ्रोस्ट बाइट

फ्रोस्ट बाइट अर्थात शीतदंश/ तुषारागात।अत्यधिक चिसोको सम्पर्क मा हाम्रो शरीर आउँदा शरीरमा भएको तातोपना कम हुँदै जाने र अनन्त चिसोबाट शरीरका भागहरु जम्ने समस्या तुषारागात हो।

यो विशेषगरी औंलाहरुमा, नाकमा, कानमा देखिने गर्दछ। यसबाट बच्न चिसो मौसममा हात गोडामा मोजा पन्जा लगाउने, न्यानो टोपी कपडा लगाउने र अत्यन्त जरुरी नपर्दासम्म घर बाहिर ननिस्कने गर्नु पर्दछ।

५. जोर्नी दुख्ने समस्या

जोर्नीमा हुने समस्या जस्तै बाथ (Rheumatoid Arthritis ) का रोगीहरुले विशेषत जाडो मौसममा झनै बढी ध्यान दिन आवश्यक हुन्छ। बाथ रोग लागी औषधिको सेवन गरि रहेका बिरामीमा चिसोको कारण दुखाइ बढ्ने जोर्नी सुन्निने समस्या बढेर जान सक्छ। त्यसकारण त्यस्तो बिरामी वर्गले आफूलाई चिसोबाट बचाउन विशेष ध्यान दिनु पर्दछ।

-(डा भुषाल चितवन मुटु अस्पतालमा कार्यरत छन् ।)

सभारः स्वास्थ्य खबर

# चौथो डायमण्ड रनिङ सिल्ड सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २६ कार्तिक



पोखरा महानगरपालिका २७ तालचोकमा अवस्थित डायमण्ड माविमा विद्यालय स्तरिय वृहत खेलकुद प्रतियोगिता सम्पन्न भएको छ। अनुशासन, समृद्धिका लागि खेलकुद भन्ने मुल नाराका साथ गत कार्तिक २२ गते बाट शुरु प्रतियोगितामा विभिन्न खेलको फाइनल तथा पुरस्कार वितरण सम्पन्न भएको छ।

समापन समारोहका प्रमुख अतिथि गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्य सचिव तेज वहादुर गुरुङले अनुशासनका लागि खेलकुद र खेलकुदका लागि अनुशासन अनिवार्य रहेको बताउनु हुदै , खेलले विद्यार्थीलाई अनुशासनमा बाँध्नुका साथै शारीरिक एवम् मानसिक रुपमा सबल बनाउने धारणा राख्नुभएको थियो । १६ ओटा समूहको सहभागिता रहेको फुटबल प्रतियोगितामा भेट्रान्स समूह प्रथम भएको छ भने दोस्रो स्थानमा कक्षा ९ ले चित्त बुझ्फाएको छ। भेट्रान्स समूहले कक्षा ९ समूहलाई ४–३ गोलले पराजित गर्दै चौथो डायमण्ड रनिङ सिल्डको उपाधि जितन सफल भएको हो। छात्र भलिबलको उपाधि कक्षा १२ व्यवस्थापन समूहले जित्यो भने छात्रा तर्फ पनि कक्षा १२ व्यवस्थापन समूह विजेता भएको छ। यसैगरि क्रिकेट तर्फ कक्षा १२ विज्ञान समूहले जित हात पार्न सफल हुदाँ कक्षा ११ व्यवस्थापन समूहले दोस्रो स्थानमा चित्त बुझ्फाएको छ।

प्रतियोगितामा आयोजित टेबल टेनिस छात्र तर्फ संञ्चन श्रेष्ठ प्रथम भएका छन् भने सुसिल केसी दोस्रो हुन् सफल भएका छन् त्यसैगरि छात्रा तर्फ अनुशा गौतम प्रथम र अंकिता गुरुङ्ग दोस्रो हुन् सफल भएका छन्। प्रतियोगितामा फुटबल तर्फ ६ गोल गर्दै भेट्रान्स समूहका सन्देश राज तिमेल्सिनाले सर्बाधिक गोल कर्ताको उपाधि हात पारे भने , कक्षा ९ का सविन थापा उत्कृष्ट खेलाडी बनेका छन् । छात्र भलिबल तर्फ सुजन थापा उत्कृष्ट खेलाडी र टोनिज गुरुङ्ग उत्कृष्ट स्पाईकर भएका छन् भने छात्रा तर्फ ममता गुरुङ्ग उत्कृष्ट खेलाडी र अनुशा गौतम उत्कृष्ट स्पाईकर भएकी छन् । प्रतियोगिता संचालन गर्नका लागि खेल अबधि भर रेफ्रिको भुमिका निर्वाह गरेका`मा विधान देउजा र रेशम गुरुङ्गलाई समेत पुरस्कार वितरण कार्यक्रममा सम्मान गरिएको थियो।

विद्यालयका संस्थापक निदैशक माधवशरण उपाध्यायको सभापत्तित्वमा संचालन भएको समापन कार्यक्रमका कार्यक्रम माथि प्रकाश तथा स्वागत विद्यालयका संस्थापक प्रिन्सिपल यम वहादुर रोकाले गर्नु भएको मा धन्यवाद ज्ञापन विद्यालयका संस्थापक व्यवस्थापक हरि प्रसाद लामिछानेले र कार्यक्रमको संचालन विद्यालयका शिक्षक नारायण प्रसाद पराजुलीले गर्नु भएको थियो।

# धमाधम ठडिँदै वडा कार्यालय

पोखरापत्र संवाददाता
बागलुङ, २६ कार्तिक

गलकोट नगरपालिकाका वडा कार्यालयले सुविधासम्पन्न आफ्नै भवनमा बसेर सेवासमेत दिन थालेका छन्।

पछिल्लो समय वडा नं १ देखि ११ सम्म आफ्ना वडा भवन बनिसकेका छन् । नगरपालिका र प्रदेश सरकारको बजेट परिचालन गरेर भवन बनेका हुन् । "हामीले रु ३७ लाख लगानी गरेर भवन बनायौँ, अहिले सहज सेवा दिन सक्ने भएका छौँ", वडाध्यक्ष तेजबहादुर थापाले भन्नुभयो, "थप रु १५ लाख लगानी गरेर रङरोगन र तारबारसमेत गरिसकेका छौँ।" वडा कार्यालय एकै रङ र डिजाइनका बनेकाले गलकोटमा आकर्षकसमेत देखिएका छन्।

नगरपालिकाको दुर्गम मानिने रायडाँडामा पनि वडा कार्यालय बनेको छ । लामो समयसम्म विद्यालयको जीर्ण भवनको कोठामा बसेको वडा आफ्नै भवनमा सरेपछि सेवा प्रवाहसमेत चुस्त भएको छ। "एउटै कोठामा लामो समयसम्म दुईवटा टेबुल राखेर बस्यौँ, अहिले बल्ल सेवा प्रवाहमा सहज भएको छ", वडाध्यक्ष ज्ञानेन्द गौतमले भन्नुभयो, "नगरपालिकले पर्याप्त बजेट नदिएकाले निर्माणमा ढिलाइ भयो, श्रमदानसमेत जुटाएर कामचलाउ बनाएका छौँ।"

एकतले भवनमा कार्यालय सञ्चालनमा आइसकेको उहाँले बताउनुभयो । वडा नं ६, ७ र ९ मा भने भवन निर्माणाधीन छन्। वडिगाड र निसीखोलामा पनि वडा कार्यालय धमाधम बन्दैछन्। वडा, पालिका र अन्य स्रोत सङ्कलन गरेर बनेका वडा भवनले सङ्घीयताका संरचना व्यवस्थित र संस्थागत बन्न थालेको जिल्ला समन्वय समितिका उपप्रमुख विष्णु भुसालले बताउनुभयो । "जे-जसरी बनेपनि भवन बनेर व्यवस्थित कार्यालय सञ्चालन गर्दा आफ्नो वडाको सान बढ्छ", उहाँले भन्नुभयो, "संस्थागत भइसकेका कार्यालयमा कुनै कर्मचारी वा जनप्रतिनिधि नहुँदा पनि नियमित काम गर्न सहज हुन्छ।" यसरी वडा तहमै भवन बनाएर व्यवस्थित बन्ने लहर चलिरहे पनि बागलुङ नगरपालिकाले भने आफ्नै भवन अलपत्र पारेको छ। अहिलेसम्म आफ्नो भवनको तयारी नै नगर्नेमा काठेखोला गाउँपालिका छ । जग्गाको व्यवस्थापन नभएपछि भवन बन्न नसकेको अध्यक्ष अमर थापाले बताउनुभयो । त्यसबाहेक ताराखोलागाउँपालिकालेआफ्नो भवनबाहेक कर्मचारी आवासगृह, सङ्ग्राहलय र सभाहल पनि बनाइसकेको छ। विषयगत कार्यालय र वडा भवन पनि व्यवस्थितरूपमा चल्न थालिसकेको अध्यक्ष प्रकाश घर्तीले बताउनुभयो।

बरेङले गत वर्ष नै भवन निर्माण थालेको छ भने जैमिनी नगरपालिकाले पहिलो चरणको काम थालिसकेको छ । "जग्गा प्राप्तिमा ढिला भएकाले अड्केका थियौँ, अब कामले गति लिन्छ", नगरप्रमुख इन्द्रराज पौडेलले भन्नुभयो, "क्रमशः वडा भवन पनि बन्ने क्रम सुरु हुन्छ ।" जैमिनीका वडामा भने आफ्नै भवन हुने थोरै छन् । तमानखोलामा पनि वडा भवन बन्ने क्रम सुरु भएको छ। आफ्नै प्रशासकीय भवन बनाइसकेको तमानले सुशासनलाई प्राथमिकता राखेको अध्यक्ष जोकलाल बुढाले बताउनुभयो । वडाहरू पनि आफ्नै भवनमा सर्ने गरी कतै जग्गा व्यवस्थापन, कतै भवन निर्माण सुरु भएको उहाँले बताउनुभयो।

वडा नं १ र २ को भने अधिकांश सेवा पालिकाबाटै हुने गरेको छ। केही वडा पुराना गाविसको भवनमा सञ्चालित छन् भने केही स्थानमा अझै भाडामा छन् । जग्गाको व्यवस्थापन भएपछि भने वडाले भाडा तिर्न छाडेर भवनकै तयारी गरेको जनप्रतिनिधिले बताए।

# नेपाल-भारत साहित्य उत्सव सौराहामा हुने

रासस
चितवन, २६ कार्तिक

चितवनको पर्यटकीय नगरी सौराहामा नेपाल-भारत साहित्य उत्सव हुने भएको छ। कविडाँडा साहित्य समाजको १९औँ स्थापना दिवसको अवसरमा यही कात्तिक २७ र २८ गते उक्त उत्सव आयोजना गर्न लागिएको हो।

उत्सवमा भारत र नेपालका गरी करिब १०० साहित्यकार सहभागी हुने बताइएको छ। भारतको मणिपुर, आसाम, सिक्किम, दार्जिलिङ, डुवर्स, मिरिक, सिलिगुढी र दिल्लीबाट झण्डै ३० साहित्यकार आउने समाजका अध्यक्ष एलबी क्षेत्रीले जानकारी दिनुभयो । यहाँका सहित १५० हाराहारीमा साहित्यकार सहभागी हुने उहाँले बताउनुभयो । उत्सवको सबै तयारी पूरा भएको छ।

कार्यक्रममा नेपाल र भारतका अध्येताबाट विभिन्न विषयमा छ कार्यपत्र प्रस्तुत हुनेछ। भारतीय सहभागी साहित्यकार नेपाली मूलका रहने छन् । कार्यपत्र प्रस्तोता नेपाल र भारतका तीन तीन जना रहने छन्।

अध्यक्ष क्षेत्रीका अनुसार भारतका गोमा अधिकारी, डा नवीन पौडेल, डा टिबी क्षेत्री तथा नेपालका डा केशव चालिसे, डा अशोक थापा र लिला लुइँटेलले कार्यपत्र प्रस्तुत गर्ने छन् । कार्यपत्रमा नेपाली साहित्यलाई विश्व बजारमा कसरी चिनाउने, विदेशमा रहेका नेपालीले यहाँको साहित्य प्रवर्द्धनमा गरेको योगदान, नेपाली साहित्यको अवस्थालगायत विषयमा कार्यपत्र प्रस्तुत गरिने छ। तीनै विषयमा द्विपक्षीय साहित्यिक सरोकारका दुई विषयमा परिचर्चा गरिँदै छ। सबै सहभागीबाट रचना वाचनको कार्यक्रम पनि छ। सो अवसरमा नेपालका वरिष्ठ कवि मुकुन्दशरण उपाध्याय, कथाकार नियात्राकार इल्या भट्टराई तथा प्रसिद्ध कवि मनप्रसाद सुब्बालाई विशेष सम्मान गरिने छ । लोकप्रिय गीतकार तथा कवि श्रवण मुकारुङलाई 'कविडाँडा सुवर्ण-तुलसी काव्य पुरस्कार-२०७८' बाट सम्मानित गरिने कार्यक्रमसमेत रहेको क्षेत्रीले बताउनुभयो।

त्यसैगरी आख्यानकार श्याम शाह, कथाकार गायत्री अधिकारी तथा शान्ति शर्मा, युवा सर्जक निर्दोष जीवन तथा समालोचक तथा निबन्धकार डीआर शर्मालाई विभिन्न विधामा पुऱ्याएको योगदानका लागि कविडाँडा साहित्य सम्मान तथा देव-खिना पुरस्कारबाट पुरस्कृत गरिने कार्यक्रम छ । कार्यक्रमको उद्घाटन समारोहमा नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेती प्रमुख अतिथि रहनुहुनेछ भने समापन समारोहमा कालेबुङका कवि राजेन्द्र भण्डारी प्रमुख अतिथि रहने कविडाँडा साहित्य समाजका अध्यक्ष क्षेत्रीले बताउनुभयो । कार्यक्रमले दुई देशबीचको साहित्य प्रवर्द्धनमा टेवा पुग्ने उहाँको भनाइ छ।

कवि एवं पर्यटन व्यवसायी सुमन घिमिरेले सौराहामा नेपाल र भारतकासाहित्यकारको जमघटले साहित्यिक गतिविधिसँगै पर्यटन प्रवर्द्धनमा मद्दत पुग्ने बताउनुभयो। होटल जङ्गल सफारी लजका सञ्चालकसमेत रहनुभएका घिमिरेको संयोजनमा सौराहामा समय-समयमा साहित्यिक कार्यक्रम हुँदै आएको छ। उत्सव होटल जङ्गल सफारी लजमा हुने तय भएको छ।

# शहीद स्मारक 'ए' डिभिजन लिग : टिकटको मूल्य निर्धारण

रासस
काठमाडौं, २६ कार्तिक

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले शहीद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिताका लागि टिकटको मूल्य निर्धारण गरेको छ।

आगामी मङ्सिर ३ गतेदेखि सञ्चालन हुने उक्त प्रतियोगिता अवलोकनका लागि साधारणतर्फ प्रति व्यक्ति रु १०० तथा भीआइपीतर्फ रु ५०० निर्धारण गरिएको छ। एन्फाद्वारा आज यहाँ आयोजित पत्रकार सम्मेलनमा महासचिव इन्द्रमान तुलाधरले प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो।

लिगको उद्घाटन खेल आगामी मङ्सिर ३ गते नव प्रवेशी सातदोबाटो युवा क्लब र फ्रेन्ड्स क्लबबीच हुनेछ । महासचिव तुलाधरले दर्शकको उपस्थितिलाई ध्यानमा राख्दै फ्लड लाइटमा पनि खेल खेलाइने जानकारी दिनुभयो। लिग निर्देशक सञ्जीव मिश्रले सामूहिकरूपमा क्लब राजी भए केही खेल पोखरामा पनि गर्ने तयारी भइरहेको बताउनुभयो।

लिगमा १४ टोलीको सहभागिता रहने छ । त्रिभुवन आर्मी फुटबल क्लब, एपीएफ क्लब, मछिन्द्र क्लब, सङ्कटा क्लब, नेपाल पुलिस क्लब, हिमालयन शेर्पा क्लब, सातदोबाटो क्लब, मनाङ मर्स्याङ्दी क्लब, थ्रि स्टार क्लब, एनआरटी क्लब, फ्रेन्डस क्लब, च्यासल युथ क्लब, जावलाखेल युथ क्लब र बिग्रेड ब्वाइज फुटबल क्लबले प्रतियोगितामा प्रतिस्पर्धा गर्नेछन् । अन्तिम स्थानमा रहने दुई टोली रेलिगेसनमा पर्नेछन्। लिग विजेता टोलीले रु ७५ लाख र उपविजेताले रु ५० लाख पुरस्कार प्राप्त गर्नेछ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : मानसिक तनाब | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : शारीरिक झमेला | मकर | : शत्रुको भय |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : मन चञ्चल | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता लिन माग

रासस
काठमाडौं, २६ कार्तिक

संयुक्त विद्यार्थी सङ्गठनले पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता लिन माग गर्दै नेपाल आयल निगम घेराउ गरेका छन्।

विद्यार्थी सङ्गठनले आम जनता र विद्यार्थीको चुलोसमेत बल्न नदिने गरी एलपी ग्यासलगायत पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरिएको भन्दै आज बिहान १० बजे नेपाल आयल निगमको केन्द्रीय कार्यालय टेकु घेराउ गरेका छन्। विद्यार्थी सङ्गठनले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गर्ने नेपाल आयल निगमका कर्मचारीको राजीनामा समेत माग गरेका छन्। कार्यक्रममा नेकपा (माओवादी केन्द्र) निकट अनेरास्ववियु (क्रान्तिकारी) नेकपा (एकीकृत समाजवादी) निकट (अनेरास्ववियु)सहितका विद्यार्थी सङ्गठनका नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो। संयुक्त विद्यार्थी सङ्गठनले जनतालाई आहात हुने गरी बढाइएको मूल्यवृद्धि तत्काल फिर्ता गराउन प्रधानमन्त्री शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालसहितका सत्तारुढ दलका नेतालाई पनि दबाब दिने बताएका छन्।

# सामुदायिक भवन बनाउन १० लाख सहयोग

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २६ कार्तिक**

सुपर घलेम्दी जलविद्युत् आयोजनाले प्रभावित क्षेत्रमा पर्ने नारच्याङमा सामुदायिक भवन निर्माणका लागि रु १० लाख सहयोग गरेको छ । अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा निर्माण हुन लागेको सो आयोजनाले अन्नपूर्ण युवा क्लबले बैंसीगाउँमा बनाउन लागेको भवनलाई बिहीबार सहयोग उपलब्ध गराएको हो ।

आयोजनाको प्रवर्द्धक सुपर घलेम्दी हाइड्रोपावर प्रालिका प्रबन्ध निर्देशक इञ्जीनियर मनप्रसाद कँडेल र शेयरधनी अभिषेक केसीले क्लबका अध्यक्ष टङ्क पुनलाई सो रकम हस्तान्तरण गर्नुभयो । वडाध्यक्ष चन्द्रप्रसाद फगामीसहित जनप्रतिनिधि, क्लबका प्रतिनिधि र पदाधिकारीको उपस्थितिमा सहयोग हस्तान्तरण गरिएको थियो । प्राप्त रकमले बैंसीगाउँमा रहेको क्लबको भवनमा तला थप गरिने अध्यक्ष पुनले जानकारी दिनुभयो ।

नौ दशमलव १४ मेगावाट क्षमताको उक्त आयोजना प्रभावित क्षेत्रमा सामाजिक कार्यअन्तर्गत सहयोग गरिएको प्रबन्ध निर्देशक कँडेलले बताउनुभयो । तीन वर्षअघि नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद बिक्री सम्झौता भएको यो आयोजनाको बाँध घलेम्दी खोलाको मुहानमा प्रस्ताव गरिएको छ । घलेम्दी खोला जलविद्युत् आयोजनाको बाँधभन्दा २०० मिटरमाथि विद्युत्गृह रहने सुपर घलेम्दीको सुरुङ २.५ किलोमिटर तथा पेनस्टक पाइप एक किमीको हुने छ । मुलुकका विभिन्न क्षेत्रमा कार्यरत इञ्जीनियरको अगुवाइमा आयोजना निर्माण हुन लागेको हो । कम्पनीका अध्यक्ष अनन्तराज घिमिरे कम लागत र छोटो समयमा आयोजना निर्माण गरिने बताउनुहुन्छ । दश प्रतिशत साधारण शेयर, १० प्रतिशत प्रभावित शेयर तथा १० प्रतिशत संस्थापक शेयर रहने उक्त आयोजना रन अफ द रिभर प्रकृतिको हो । आयोजनाबाट उत्पादित विद्युत् चार किलोमिटर टाढा दाना सबस्टेशनमा पुर्‍याएर कालीगण्डकी करिडोरमार्फत केन्द्रीयप्रसारणलाइनमा जोडिनेछ। नारच्याङमा हाल पाँच मेगावाटको घलेम्दीखोला, ४२ मेगावाटको मिस्त्रीखोला जलविद्युत् आयोजना सञ्चालन भइसकेका छन् । सदरमुकामस्थित बेनी अस्पतालमा प्रसूति प्रतिक्षा कक्ष सञ्चालन भएको छ। ग्रामीण र दुर्गम क्षेत्रका साथै बाहिरी जिल्लाबाट बेनी अस्पतालमा प्रसूति सेवा लिन आउनेका लागि कक्ष स्थापना भएको हो । अस्पताल व्यवस्थापन समितिका अध्यक्ष बेलबहादुर कटुवालले गण्डकी प्रदेश सरकारको सहयोगमा पूर्वाधार निर्माण गरेर प्रसूति प्रतिक्षा कक्षको सेवा सुरु गरेको बताउनुभयो ।

"स्वास्थ्य मन्त्रालयको ५० शयूया क्षमताको अस्पतालमा प्रसूति प्रतिक्षा कक्ष हुनुपर्ने मापदण्ड पूरा गर्न यो सेवा थपेका हौँ", उहाँले भन्नुभयो, "गाउँको स्वास्थ्य संस्थाबाट सिफारिस भएर आएका सुत्केरी हुने अवस्थाका गर्भवतीलाई प्रसूति भएर घर नजाँदासम्मका लागि बसोबासको व्यवस्था हुन्छ ।" शयनकक्ष र भान्छा कोठासहितको दुईकोठे भवनमा प्रसूति हुन आउनेले आफैँ खानेकुराको जोहो गरेर बस्न पाउनेछन् । बजारमा आफन्तका घर नभएका र होटलमा बस्नुपर्नेका लागि प्रसूति प्रतिक्षा कक्षबाट सुविधा पुग्ने अध्यक्ष कटुवालले बताउनुभयो । बेनी अस्पतालमा म्याग्दीका साथै मुस्ताङ, बागलुङ र पर्वत जिल्लाबाट पनि प्रसूति सेवाका लागि आउँछन् । यहाँ शल्यक्रियामार्फत गरिने जटिल प्रकृतिको प्रसूति सेवा उपलब्ध छ । अस्पतालका प्रमुख चिकित्सक जितेन्द्र कँडेलका अनुसार गत आर्थिक वर्ष २०७७/७८ मा १२३ वटा शल्यक्रियामार्फत गरिने सहित ७३४ जनाले प्रसूति सेवा लिएका थिए । यसैगरी अस्पतालमा हिंसा प्रभावित महिला तथा बालबालिकाको मनोपरामर्श र स्वास्थ्य उपचारका लागि एकद्धार सङ्कट व्यवस्थापन केन्द्रसमेत सञ्चालन भएको छ । केन्द्रमा आउने हिंसा प्रभावित महिला तथा बालबालिकालाई आवासीय सुविधासहित चिकित्सकको परामर्श, स्वास्थ्योपचार र न्यायिक प्रक्रिया अघि बढाउन सघाउने व्यवस्था छ ।

सामाजिक विकास मन्त्रालयको रु १५ लाख बजेटमा प्रसूति प्रतिक्षा र एकद्धार सङ्कट ब्यवस्थापन केन्द्रको भवन निर्माण भएको व्यवस्थापन समितिका अध्यक्ष कटुवालले जानकारी दिनुभयो । यस्तै बालरोग कक्ष थप र साधारण उपचार कक्षको क्षमता बढाउन नयाँ भवन निर्माण भएको छ । प्रदेश सरकारको रु ३५ लाख सहयोगमा प्रिप्याक प्रविधिको भवन निर्माण गरेर क्षमता बढाउन लागिएको अस्पतालले जनाएको छ । नयाँ भवनमा छ बालरोग र सातवटा साधारण शयूया छन् । बालबालिकाको उपचारलाई प्रभावकारी बनाउन स्वास्थ्य मन्त्रालयको मापदण्डअनुसार छुट्टै कक्ष बनाएको अस्पतालका प्रमुख कँडेलले बताउनुभयो ।



च्याउ टिप्दै युवा व्यवसायीः स्याङ्जाको वालिङ नगरपालिका- २ स्थित धौखोलाका युवा व्यवसायी हरि अर्याल च्याउ टिप्दै । विदेशबाट फर्केसँगै अर्यालले दश हजार मुढामा सिताके च्याउ लगाउनुभएको छ । तस्वीर : तोलाकान्त बगाले/ रासस

# विवाद विधिसम्मत समाधान गर्न जोड

**रासस**
**काठमाडौं, २६ कार्तिक**

नेपाली कांग्रेसका नेताहरुले पार्टीको क्रियाशील सदस्यतालगायत बाँकी रहेका विवाद यथाशिघ्र विधिसम्मत रुपमा समाधान गर्नुपर्नेमा जोड दिनुभएको छ ।

पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेल समूहका पदाधिकारी एवं सदस्यहरुको आज यहाँ भएको बैठकले पार्टीको आसन्न १४औं महाविधेशनको तयारीलगायत विषयमा समिक्षा गर्दै सो विषयमा जोड दिएको हो। नेताहरुले महाधिवशेनअन्तर्गत अधिवेशनहरु निष्पक्ष हुनुपर्नेमा नेतृत्वको ध्यानाकर्षण गराएको बैठकमा सहभागी नेता अर्जुननरसिंह केसीले जानकारी दिनुभयो । बैठकमा केही जिल्ला र विदेशस्थित जनसम्पर्क समितिमा क्रियाशील सदस्यता विवाद समाधान हुन नसकेको भन्दै समाधानका लागि विशेष पहल गर्ने सहमति भएको उहाँले बताउनुभयो । यसै गरी महाधिवेशनमा वरिष्ठ नेता पौडेल समूहबाट सभापतिका लागि जो भए पनि एकमात्र साझा उम्मेदवार बनाउनुपर्नेमा सहभागी नेताहरुले जोड दिनुभएको थियो । आइतबार बस्ने पार्टीको केन्द्रीय कार्यसमिति बैठकमा प्रस्तुत हुने सन्दर्भमा पनि छलफल भएको नेता केसीले जानकारी दिनुभयो । बैठकमा वरिष्ठ नेता पौडेल, महामन्त्री डा शशांक कोइराला, केन्द्रीय सदस्यहरु केसी, डा रामशरण महत, डा शेखर कोइराला, डा चन्द्र भण्डरी, धनराज गुरुङ, गगनकुमार थापा, कमला पन्त, सरिता प्रसाईलगायत सहभागी हुनुहुन्थ्यो ।

# देशैभर दुई दर्जन उच्च क्षमताका प्रसारण लाइन निर्माण हुँदै

**– रमेश लम्साल**
**काठमाडौं, २६ कार्तिक (रासस)**

बढ्दो ऊर्जाको मागलाई सम्बोधन गर्ने लक्ष्यका साथ सरकारले उच्च क्षमताका प्रसारण लाइन निर्माणलाई विशेष प्राथमिकतामा राखेर प्रक्रिया अगाडि बढाएको छ ।

नेपाल विद्युत् प्राधिकरणले १३२ केभी क्षमताको प्रसारण लाइनलाई वितरण लाइन बनाउने घोषणा गरिसकेकाले उच्च क्षमताका प्रसारण लाइन अत्यावश्यक बन्न पुगेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले २३ वटा ४०० केभी क्षमताका प्रसारण लाइन अध्ययनको विभिन्न चरणमा रहेको जानकारी दिएको छ ।

नेपाल र भारतबीच विद्युत् आदान प्रदानका लागि अन्तरदेशीय प्रसारण लाइनदेखि देशभित्रै उत्तर दक्षिण करिडोर जोड्ने गरी विभिन्न आयोजना अगाडि बढाइएको छ । त्यस्तै पूर्वदेखि पश्चिमसम्म बिजुली आदान प्रदानका लागि पनि उच्च क्षमताका आयोजना निर्माणका लागि आवश्यक तयारी गरिएको मन्त्रालयको भनाइ छ । मन्त्रालय मातहतको विद्युत् विकास विभागमा ४०० केभी क्षमतामा प्रसारण लाइन निर्माणका लागि परेको आवेदन हेर्दा पनि एउटा सकारात्मक सन्देश दिएको छ । प्राधिकरण, राष्ट्रिय प्रसारण ग्रिड कम्पनी र निजी क्षेत्रले पनि ठूला क्षमताका प्रसारण लाइन निर्माण गर्ने प्रस्ताव गरेका छन् । प्रसारण ग्रीड कम्पनीले इन्डो नेपाल बोर्डर ४०० केभी क्षमताको प्रसारण लाइन निर्माणको अध्ययन गरिरहेको छ ।कैलालीको नेपाल-भारत सीमा क्षेत्रमा कूल २७ किलोमिटर लामो उक्त प्रसारण लाइन निर्माण हुनेछ । सो प्रसारण लाइनले दुई हजार ५०० मेगावाट बराबरको बिजुली प्रसारण गर्नेछ ।

यस्तै अरुण करिडोरमा सोही कम्पनीले ३५ किलोमिटर लामो ४०० केभी क्षमताको प्रसारण लाइन निर्माणका लागि अध्ययन गरिरहेको छ । सो प्रसारण लाइनले दुई हजार २६० मेगावाट बिजुली प्रसारण गर्नेछ। सरकारी स्वामित्वको सो कम्पनीले भेरी करिडोरमा नलगाड-मैनताडा ७५ किलोमिटर लामो प्रसारण लाइन निर्माणका लागि अध्ययन गरिरहेको छ । सो प्रसारण लाइनले दुई हजार ४०० मेगावाट बिजुली प्रवाह गर्दछ ।

छिन्चुदेखि बुटवलसम्म कूल २१६ किलोमिटर लामो उच्च क्षमताको प्रसारण लाइन एससी पावर कम्पनीले अध्ययन गरिरहेको छ । सो प्रसारण लाइनले ८६० मेगावाट बिजुली प्रवाह गर्नेछ । प्राधिकरणले दुधकोशी जलाशयको बिजुली प्रवाहका लागि ९१ किलोमिटर लामो ४०० केभी क्षमताको प्रसारण लाइन निर्माण गर्ने भएको छ । सो प्रसारण लाइनले ६०० मेगावाट बिजुली प्रवाह गर्नेछ । उत्तरी छिमेकी देशसँग नेपालको प्रसारण प्रणाली जोड्ने गरी प्रस्ताव गरिएको ८० किलोमिटर लामो रातमाटे-रसुवागढी ४०० केभी क्षमताको प्रसारण लाइनको अध्ययन अन्तिम चरणमा पुगेको छ । नेपाल र चीनबीच विद्युत् आदान प्रदानका लागि महत्वपूर्ण मानिएको सो प्रसारण लाइनको अध्ययनको काम अन्तिम चरणमा पुगेको सम्बन्धित आयोजनाले जनाएको छ । प्राधिकरणले नै बुढीगण्डकी करिडोरमा ८५ किलोमिटर लामो उच्च क्षमताको प्रसारण लाइन निर्माणका लागि प्रस्ताव गर्दै अध्ययन गरिरहेको छ । तिङ्ला हबदेखि ढल्केबरसम्म १५५ किलोमिटर, दमौली, कुश्मा बुर्तीबाङ हुँदै रुकुमको बाफीकोटसम्म २०५ किलोमिटर लामो उच्च क्षमताको प्रसारण लाइनको अध्ययन भइरहेको छ । यी सबै प्रसारण लाइनले दुई हजार ५०० मेगावाटका दरले बिजुली प्रसारण गर्नेछन् ।

प्राधिकरणले नै अध्ययनको काम गरिरहेको अन्य आयोजनामा न्यू बुटवल कोहलपुर १५० किलोमिटर र दोधारा-दैजी ९३ किलोमिटर लामो प्रसारण लाइन छन् । ती आयोजनाले एक हजार ९३३ मेगावाट बिजुली बोक्नेछन् । सरकारी स्वामित्वको विद्युत् उत्पादन कम्पनीले फुकोट कर्णाली र किमाथाङ्का अरुणमा ४०० केभी क्षमताको प्रसारण लाइन निर्माणका लागि प्रस्ताव गरेको छ । प्राधिकरणको सहायक कम्पनीमार्फत अगाडि बढाइएको माथिल्लो अरुणको विद्युत्गृहदेखि ६.५ किलोमिटर लामो प्रसारण लाइन निर्माणको पनि अध्ययन भइरहेको छ । प्राधिकरणले नै लमही-छिन्चु ९४ किलोमिटर, सितलपाटी-इनरुवा १३० किलोमिटर तथा अरुण हबदेखि दुधकोशी ११५ किलोमिटर लामो प्रसारण लाइन निर्माणका लागि आवश्यक प्राविधिक अध्ययन गरिरहेको छ । ती प्रसारण लाइनले चार हजार ४०० मेगावाटसम्म बिजुली प्रसारण गर्नेछन् ।

राष्ट्रिय प्रसारण ग्रीड कम्पनीले बझाङ पश्चिम सेती ७२ किलोमिटर र पश्चिम सेती- दोधारा १५५ किलोमिटर लामो उच्च क्षमताको प्रसारण लाइन निर्माण गर्ने भएको छ । ती आयोजना पनि अध्ययनका विभिन्न चरणमा छन् । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार उत्तर दक्षिण करिडोरमा उच्च क्षमताका प्रसारण लाइन निर्माणको कामलाई रणनीतिकरूपमा अगाडि बढाइएको छ । काठमाडौंको नाङ्लेभारेदखि नुवाकोट रातमाटे हुँदै बुटवल पुग्ने ३१२ किलोमिटर लामो प्रसारण लाइन निर्माणमा जटिलता उत्पन्न भएको छ । सो परियोजनामा अमेरिकी सहयोग रहनेछ। एमसिसीको सहयोगमा अगाडि बढाउन लागिएको आयोजना राजनीतिक चक्रव्यूहमा फसेको छ । तीमध्ये केही उच्च क्षमताका प्रसारण लाइन अध्ययन सकिन लागेका छन् भने केहीको प्रारम्भिक अध्ययनको क्रममा छन् । नेपालमा प्रसारण लाइन निर्माण गर्नु आफैंमा सबैभन्दा चुनौतीपूर्ण काम हो । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङको भनाइमा हरेक प्रसारण लाइनको एउटा टावर निर्माण गर्नु नै एउटा आयोजना बराबर हो ।

नेपालमा विशेषगरी वन क्षेत्रको जग्गा प्रयोग, सरकारी तथा निजी जग्गा प्राप्ति, प्राविधिक तथा अन्य स्थानीय समस्याको जञ्जालमा आयोजनाहरू फसेका छन् । लामो समयदेखि निर्माण सुरु भएका आयोजनाहरू रुग्ण बनिरहेका छन् । काठमाडौं उपत्यकामा नै जग्गा प्राप्तिमा समस्या भएपछि विगत लामो समयदेखि काम हुन नसकेको अवस्था छ ।

अन्तर्राष्ट्रिय बजारमा लगातार पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएपछि त्यसको प्रभाव नेपालमा पनि परेको छ । देशभित्रै उत्पादन भएको बिजुली खपत गर्नका लागि पनि ठूलादेखि मझौला प्रसारण लाइन निर्माण जरुरी छ । तर, समस्या यति धेरै छ कि, भनिसाध्ये छैन । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इपान)का अध्यक्ष कृष्णप्रसाद आचार्यका अनुसार सरकारले सहजीकरण गर्नु त परै जाओस् कुनै पनि सहयोग उपलब्ध नहुने अवस्थाका कारण प्रसारण लाइन आयोजनाहरू एक पछि अर्को गर्दै समस्यामा फसिरहेका छन् ।

विभिन्न सात मन्त्रालय, २३ विभागमा धाउनुपर्ने अवस्थाका कारण आयोजना समयमै सम्पन्न हुन सकेका छैनन् । प्राधिकरणले नै निर्माण गरिरहेका आयोजना समस्यामा फसेका छन् । जलविद्युत् आयोजना निर्माण सम्पन्न भई बिजुली उत्पादन गरिसकेको भएपनि प्रसारण लाइन नहुँदा खेर गइरहेको छ । रामेछापको गर्ज्याङ-खिम्तीमा अवस्था यस्तै देखिएको छ ।

लामो प्रयासपछि बल्ल सोलु करिडोर प्रसारण लाइन निर्माण प्रक्रिया अगाडि बढेको छ । तर, भरतपुर बर्दघाट खण्डमा दुई वटा टावर निर्माण हुन नसक्दा पूर्वको बिजुली पश्चिम नेपाल पठाउन समस्या भइरहेको प्राधिकरणको भनाइ छ । ऊर्जामन्त्रालयका सहसचिव मधुप्रसाद भेटुवाल प्रसारण लाइन निर्माणमा देखिएको जटिलतालाई समग्रतामा सम्बोधन गर्ने गरी प्रयास भइरहेको बताउनुहुन्छ । सरकारले अत्यावश्यक प्रसारण लाइन निर्माणमा देखिएको जटिलता फुकाउन शीघ्र निर्णय गर्नुपर्ने ऊर्जा उद्यमीको माग छ ।

# वायुसेवा निगमका पूर्वअध्यक्षको निधनको कारण खुल्यो

**रासस**
**काठमाडौं, २६ कार्तिक**

नेपाल वायुसेवा निगमका पूर्वअध्यक्ष रामाज्ञाप्रसाद चतुर्वेदी मृतु आत्महत्या नभई शारीरिक दुर्वलताका कारण भएको पाइएको छ ।

चतुर्वेदीले आत्महत्या गरेको भनी आएको समाचारको खण्डन गर्दै उहाँको परिवारले आज पत्रकार सम्मेलन गरी निर्माणाधीन होटलको सात तले भवनको चार तल्लाबाट रिंगटा लागेर अचेत भइ डलेर निधन भएको स्पष्ट पारेको हो ।

असोज २१ गते घटस्थापनाका दिन ७४ वर्षीय चतुर्वेदीको काठमाडौँ महानगरपालिका-७ चावहिलस्थित निर्माणाधीन होटलमा उक्त घटना भएको थियो । रामाज्ञाप्रसादको आत्महत्या भनेर मिडियामा आएपछि परिवारले उहाँको मृत्यु आत्महत्याबाट नभई शारीरिक कारण भएको जनाएको हो । गौतम अग्रवालको निर्माणाधीन होटलको चौथो तलाबाट रामाज्ञाप्रसाद ढलेर सडक शव भेटिएको थियो । त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा 'पोष्ट मार्टम' गर्दा पनि आत्महत्या नदेखिएको स्व चतुर्वेदीकी श्रीमती आशा चतुर्वेदीले बताउनुभयो । "चतुर्वेदीको निधनबारे विभिन्न सञ्चारमाध्यममा परिवारका सदस्यलाई नसोधी एकतर्फीरुपमा आत्महत्या हुनसक्ने भन्ने खालको भ्रामक समाचारले हामी परिवारका सदस्य झन् विक्षिप्त र मर्माहत भएका छौँ", उहाँले भन्नुभयो ।

सो दुर्घटना हुनुभन्दा अघिल्लो दिन अर्थात् असोज २० गते कमजोरी महशुस भई रिङ्गटा लागेर चाबहिलको ओम हस्पिटलमा उपचारको क्रममा ल्याब परीक्षण गर्दा रामाज्ञाप्रसादमा सोडिमको कमी र अत्याधिक मधुमेह, उच्च रक्तचाप देखिएको परिवारले जनाएको छ । दुर्घटना हुनुभन्दा तीन साताअघि उहाँको तिलगङ्गा खाँखा अस्पतालमा मोतिविन्दुको सल्यक्रियासमेत गरिएको थियो । रामाज्ञाप्रसाद तत्कालीन शाही नेपाल वायुसेवा निगमको कार्यकारी अध्यक्ष हुनुहुन्थ्यो । त्यस्तै उहाँ होटल तपस र होटल रामानमका पनि अध्यक्ष हुनुहुन्थ्यो ।

# माओवादी केन्द्रले संशोधन गर्‍यो विधान

**रासस**
**काठमाडौं, २६ कार्तिक**

नेकपा (माओवादी केन्द्र) ले पार्टी विधान संशोधन गरेको छ। आज सम्पन्न केन्द्रीय समितिको बैठकले संशोधन गरेको विधानअनुसार प्रदेश र पालिकामा सात सदस्यीय पदाधिकारी रहने निर्णय गरेको छ । जसअनुसार पदाधिकारीमा एक अध्यक्ष, तीन उपाध्यक्ष, एक सचिव, एक सहसचिव र एक कोषाध्यक्ष रहनेछ । साविकको विधानअनुसार सो समितिमा पाँच पदाधिकारी रहने व्यवस्था थियो । कार्यालय सचिव श्रीराम ढकालका अनुसार संशोधित विधानमा पाँच सदस्यी वडा पदाधिकारी रहने व्यवस्थासमेत गरिएको छ। त्यसैगरी बैठकले सङ्गठित सदस्यता नवीकरणका लागि समय नथप्ने निर्णय गरेका छ। अहिले सदस्यता विस्तार, नवीकरणलगायत साङ्गठनिक सुदृढीकरणमा माओवादी केन्द्रित भएको छ।


## शिक्षक आवश्यकता

यस विद्यालय व्यवस्थापन समितिको मिति २०७८/०७/२५ को निर्णय विद्यालयको च.न. १४ मिति २०७८ /०७/२६ को पत्र अनुसार र पो म नपा शैक्षिक प्रशासन महाशाखाको पत्र संख्या ०७८/०७९ च.नं २३४ अनुसार यस विद्यालयको माध्यमिक तह (शिक्षण सिकाइ अनुदान) अंग्रेजी विषयको करार शिक्षक नियुक्तिको लागि योग्यता पुगेको नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**
**तहः माध्यमिक शिक्षण सिकाइ अनुदान–१**
**विषयः अंग्रेजी**
**योग्यता– स्नातक तह (बि एड वा सो सरह)**
**आवश्यक कागजातहरुः**
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

**दरखास्त दिने मितिः २०७८/०७/२७ देखि २०७८/०८/११ गतेसम्म**
**निवेदन दस्तुरः रु १५००।–**
**परीक्षाको किसिमः लिखित, अन्तवार्ता र आवश्यक परेको खण्डमा कक्षा अवलोकन**
**निवेदन दिने स्थानः अन्नपूर्ण मा.वि. पोखरा–१६, अर्मला (विहान १० बजेदेखि ४ बजेसम्म)**
**तलबः नेपाल सरकारको प्रचलित स्केल बमोजिम**
**परीक्षाको मिति र स्थान सम्पर्क मितिमा तोकिने छ ।**
**सम्पर्क मितिः २०७८/०७/१३ गते**

**श्री अन्नपूर्ण मा. वि.**
**पोखरा-१६ अर्मला, कास्की**
**मो. ९८४६०५४४९३, ९८४६०३०९११, ९८५६०४८६१२**